

वि.स.२०१७ सालमा तत्कालीन राजा महेन्द्रलाई नृत्य देखाउने बेटीले पद्मकन्या बहुमुखी क्याम्पसको नृत्य विभाग स्थापनादेखि ३५ वर्ष नृत्य विषय अध्यापन गर्नुभयो । ७० वर्षिया उहाँ साहित्य, कला र समाजसेवामा क्रियाशिल हुँदै चाँडै ‘बृहद् नृत्यकलाको साँस्कृतिक कार्यक्रम’ गर्ने तयारीमा हुनुहुन्छ ।

# नृत्य विज्ञ – बेटी बज्राचार्य



● नुनुता राई

बेटी बज्राचार्यको जन्म वि.सं.२००७ साल बैशाख २० गते पाल्पा, तानसेनमा भयो । आमा अष्टमाया र बुवा व्यवसायी गणेशमान शाक्यको पहिलो सन्तान हो, उहाँ । शुक्रबार जन्मेको जेठो सन्तानको जीवन सुखमय बितोस् भनेर आमा अष्टमायाले छोरीको नाम सुखलक्ष्मी नामाकरण गर्दिनुभयो । चर्चित व्यवसायी बुवाको संगत पनि ठूला व्यवसायीहरूसँगै थियो । बुवाका मारवाडी व्यवसायी साथीहरूले उहाँलाई माया गरेर बेटी (छोरी) भनेर बोलाउन थाले । विस्तारै छरछिमेकीले पनि बेटी नै भन्न थाले । यसरी सुखलक्ष्मीबाट विस्तारै बेटी बन्दै जानुभयो । स्कुलमा समेत आमाले दिएको नामलाई 'बेटी' नामले विस्थापित गऱ्यो ।

उहाँ सानैदेखि नाच्न सिपालु । मोहन कन्या हाईस्कुल पाल्पाबाट शैक्षिक यात्रा शुरु गरेदेखि नै विद्यालयमा हुने कार्यक्रममा आफ्नो नृत्यबाट सबैको मन जितिसक्नु भएको थियो । नौ वर्षको हुँदा नाचेको गीत उहाँलाई अहिले पनि कण्ठ छ । उहाँ भन्नुहुन्छ, 'सायद म नौ वर्षकी थिएँ "विश्वमा अग्लो हिमाल' गीतमा नाच्दा तालीले गुन्जयमान भएको माहौल सम्झिदा अहिले पनि आनन्द लाग्छ ।" नृत्यकलाको प्रशंसा गर्दै धेरैले स्याबासी स्वरुप दिएको पैसा (सिक्का) सम्हाल्न गाह्रो भएको स्मरण ताजै छ । यही हौसलाले गर्दा उहाँले विद्यालयको हरेक कार्यक्रममा आफ्नो नृत्य देखाउन थाल्नुभयो ।

## राजाले नाच मन पराए

त्यसबेला औलो रोगको प्रकोप भइरहन्थ्यो । त्यसले गर्दा गर्मी मौसमको ६ महिना तानसेन र जाडो मौसमको ६ महिना बुटवलको बटौलीमा बसोबास हुन्थ्यो । वि.सं.२०१७ सालमा तत्कालीन राजा महेन्द्र पश्चिमाञ्चल भ्रमणमा जाँदा बुटवल पनि जाने कार्यक्रम तय भएछ । त्यसबेला बुटवल, तानसेनलगायत लुम्बिनी अञ्चलभरिमै उहाँको नृत्यले चर्चा पाइसकेको थियो । त्यसैले महेन्द्रको स्वागतमा नाच्नको लागि उहाँको नाम छनौट भयो । नाच्नमा खासै सहयोग नगर्ने परिवारबाट पनि राजाको अगाडि नाच्ने भनेपछि पूर्ण सहमति पाउनुभयो । जुनबेला राजालाई भगवान मानिन्थ्यो । राजालाई खुशी भए जे पनि गर्दिन्छन् भन्ने ठूलो विश्वास थियो । त्यसैले बुबाले 'राजालाई म डाक्टर इन्जिनियर पढ्न चाहन्छु' भन्न सिकाएको स्मरण गर्नुभयो । उहाँको पढाइ पनि नृत्य जस्तै तेज भएकाले बुवाले त्यो कुरा सिकाउनु भएको थियो ।

राजा महेन्द्रको अगाडि उहाँले नृत्य प्रस्तुत गर्नुभयो । बुवाले भने जस्तै बेटीको नृत्यबाट प्रभावित भएर महेन्द्रले भेटेर तिम्रो इच्छा के छ भनेर सोधे । तर बेटीले सिकाएको कुरा भन्न बिर्सिएर नृत्य कला पढ्ने इच्छा सुनाउनुभयो । आफू एकदम नर्भस भएर सिकाएको भन्दा फरक बोलेको उहाँको भनाइ छ । लामो हाँसोसँगै भन्नुहुन्छ, "तर नर्भस हुँदा मनको कुरा निस्कने रहेछ जस्तो लाग्यो । मनको कुरा नै भनेछु ।" उहाँको इच्छा सुनेपछि राजा महेन्द्रले एसएलसीपछि इच्छा अनुसार व्यवस्था गर्नु भनेर 'हुकुम' दिए ।  तर सरकार (राजा) लाई नचाहिँदो मागेको भनेर घरमा भने बुवाले पिट्नुभयो । उहाँको ठुलोबुवा राजनीतिक नेता बेटीको इच्छा बुझ्ने भएकाले धेरै पिटाई खानबाट बचेको उहाँ सम्झिनुहुन्छ ।

उहाँले तानसेनको जनता हाईस्कुलबाट वि.स.२०२१ सालमा एसएलसी उतीर्ण गर्नुभयो । भारतमा पढ्न पठाउन बुवाको इच्छा थिएन तर ठूलोबुवाको जोडबलले गर्दा पढ्न जान पाउनुभयो । नृत्यको पढाइसँगै दिल्लीको शारदा स्कुल अफ आर्टसमा चित्रकलाको तालिम पनि लिनुभयो र त्यसक्रममा त्यहाँ भएका विभिन्न प्रतियोगिताहरू पनि जित्नुभयो । फाइन आर्टसको एक वर्ष प्रशिक्षण सकेर नृत्यमा स्नातक अध्ययनका लागि फेरि गुजरातको एम.एस. युनिभर्सिटी, बडोदरा जानुभयो । त्यहाँबाट भारतीय कत्थक (शास्त्रीय) नृत्य र नाटकमा स्नातक गर्नुभयो । त्यहाँ पढ्दा विभिन्न प्रतियोगितामा भाग लिंदा पनि उहाँ अगाडि हुनुहुन्थ्यो ।

## मन्दिर लगेर ननाच्ने वाचा

स्नातक तहको पढाइ सकेर बिदामा नेपाल आउनुभयो । नेपालबाट नै फाराम भरेर स्नातकोत्तरको लागि त्यही क्याम्पसमा पढ्ने योजनाका साथ आउनु भएको थियो । तर, यहाँ विवाहको पक्का गरिएको रहेछ । बिहे गर्ने भनिएको केटा प्रजातन्त्र सेनानी टंक विलास बज्राचार्य र चम्पादेवीका छोरा बिजु बज्राचार्य रहेछन् । राष्ट्रिय पञ्चायतमा शाखा अधिकृत रहेका बिजुसँग २०२७ सालमा बिहे भयो ।

बुवाले नृत्य पढाउन नमान्दा नमान्दै जसोतसो नृत्य विषय अध्ययन गर्नुभएकी उहाँले बिहेपछि फेरि श्रीमानको बन्देजका कारण स्टेजमा नृत्य गर्न पाउनु भएन । स्टेजमा केटी मान्छे नाचेको राम्रो हुँदैन भनेको भएर उहाँको स्टेज नाच रोकिए पनि नृत्य प्रशिक्षण तथा अध्यापन र सामाजिक, राजनीतिक क्षेत्रमा

लाग्न भने श्रीमान्‌को साथ रह्यो । नृत्य नगर्ने कुरा बिहे अघि नै वाचा गर्न लगाएको पनि बेटीले बिर्सिनु भएको छैन । बिहे अघिको कुरा सम्झिँदै भन्नुभयो, एकदिन बिहे गर्ने केटाले मन्दिर जान्छौं बेटीलाई भन्दिनु भनेर दाइलाई नै भनेछन्, म पनि गएँ । तर मन्दिरमा गएर स्टेजमा ननाच्ने वाचा गर्न लगाए, बेटी अविष्मरणीय क्षणको रुपमा सम्झिँदै भन्नुहुन्छ, "के गर्ने सोचें तर हुन्छ भनिदिएँ, घरमा गएपछि भने धेरै रोएँ ।" राजनीति शास्त्रमा स्नातकोत्तर गरेका बिजु आफैं पनि सांस्कृतिक महासंघको महासचिव तथा विभिन्न कलासंस्कृति सम्बन्धी काम पनि गर्नुहुन्थ्यो । तर पनि बेटीको स्टेज नृत्य बन्दै भयो । बच्चादेखिको सफल नृत्यांगना बन्ने सपना छोड्नु पर्‍यो ।

आमाबुवा (सासुससुरा) सक्रिय राजनीतिमा भएकाले बिजु मामाघरमा हुर्किनु भयो । बिजुका एकजना मामा राजपरिवारका चिकित्सक थिए । तर राणा विरोधीसँग विवाह गरेकै कारण चम्पादेवी बज्राचार्य (सासु) को लागि माइतीको ढोका बन्द थियो । टंक विलास (ससुरा) जेल पर्नु भयो । राजनीतिक आन्दोलन चर्किंदै गएपछि छोरा माइतीमा छोडेर राजनीतिमा होमिनुभएको थियो सासु । मामाघरमा हुर्किनु भएका बिजु विवाहको केही समयपछि डेरा लिएर बेटीसँग बस्नु भयो ।

नृत्यबाहेक अन्य जेसुकै कामका लागि पनि धेरै सहयोग गर्नुहुन्थ्यो बिजुले । बेटीले पनि विस्तारै आफ्नोभन्दा बढी श्रीमानकै इच्छा अनुसारको कामतिर हात हाल्नुभयो । श्रीमानले पनि नृत्य बाहेकको काम गर्न भने निकै सहयोग गर्नुहुन्थ्यो र हौस्याउँनु पनि हुन्थ्यो । त्रिभुवन विश्वविद्यालयमा नेपाली भाषामा स्नातकोत्तर तह अध्ययन गर्न लगाउनु भयो, बेटी उत्तीर्ण हुनुभयो । पढनका लागि कीर्तिपुर पुर्‍याउन र लिन पनि जानुहुन्थ्यो श्रीमान् । नृत्य छोडाउनकालागि लोकसेवा पढ्न पनि लगाउनुभयो । त्यसबेला नेपालमा नृत्य विषयको औपचारिक पढाइ हुँदैनथ्यो । त्यसैले पद्मकन्या क्याम्पसमा नृत्यको कक्षा संचालनको लागि सक्दो पहल श्रीमान् र बेटी आफैंले पनि गर्नुभयो । विभाग स्थापना भएको केही समयपछि २०३१ सालदेखि बेटीले पद्मकन्या क्याम्पसमा अध्यापन गर्न शुरु गर्नुभयो । त्यसको केही समयमा नृत्यमै स्नातकोत्तर गर्न भारतको बडोदरास्थित एमएस युनिभर्सिटी जानुभयो र एम.म्युज. उत्तीर्ण गर्नुभयो । बेटी नृत्यसँगै साहित्य तथा चित्रकलामा पनि पोख्त हुनुहुन्थ्यो । त्यसैले आफ्नै अध्यक्षतामा 'नेपाल महिला साहित्यकार संघ' गठन गरेर कार्यक्रमहरू गर्नुभयो । जता पनि

क्रियाशिल हुने उहाँ नेपाली विविध भाषाभाषी तथा जनजाती साहित्यकार महासंघ, नेपाल बौद्ध संघलगायतको संस्थापक अध्यक्ष पनि हो ।

## सासुले प्रजातन्त्र देख्न नपाउँदा दुःखी

उहाँको सासुससुरा प्रजातन्त्रको लागि गृहस्थी जीवन त्यागेर राजनीतिमा होमिएका थिए । सासु आफ्नो बच्चा छोडेर आन्दोलनमा जानुहुन्थ्यो रे तर हृदयघातका कारण निधन भयो । सासुले प्रजातन्त्र देख्न नपाएकोमा बेटीलाई अहिले पनि दुःख लाग्छ । प्रजातन्त्र देखेका ससुरा भने अत्यन्त खुशी भएको उहाँ सुनाउनुहुन्छ । प्रजातन्त्र आए पनि गिरिजाप्रसाद कोइराला र गणेशमान सिंहको आन्तरिक द्वन्द्वमा टंक विलासको परिवार चेपुवामा परेको बेटी स्मरण गर्नुहुन्छ । टंक विलास भने गणेशमान सिंहका समर्थक हुनुन्थ्यो ।

बढुवा हुने आशामा बसेका उहाँका श्रीमान् बिजुलाई अवकाश दिइयो । त्यसपछि कल्पना नै नगरेको जीवन भोगाई कष्ट शुरु भएको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "ती दिन सम्झिदा अहिले पनि आङ नै सिरिङ्ग हुन्छ । धेरै सम्झन पनि चाहन्नँ ।" त्यसबेलाका नेताहरूले आफनो पक्षका मान्छे राख्नको लागि विपक्षी मानिसहरूलाई हटाएको उहाँ बताउनुहुन्छ । बेटी ससुरा टंक विलाससँगै नेता कृष्णप्रसाद भट्टराईलाई भेट्न पनि जानुभयो । भट्टराईले कोइरालालाई अंग्रेजीमा चिट्ठी लेख्दै पुर्नविचार गर्दिन आग्रह गर्नुभयो । त्यो पत्र बोकेर ससुरा र बुहारी फेरि कोइरालालाई भेट्न गए तर पत्र हेरे पनि प्रतिक्रिया दिन चाहेनन् । यही कारण कोइराला र गणेशमानबीचको खिचातानी र मनमुटाव पनि भयो । कतिपय त मुद्दा हालेर जितेर पनि पुनर्बहाली भए । तर, बिजु मुद्दा हाल्न जान लाग्दा गणेशमान, मंगलादेवीलगायतले रोके । हामी पहल गर्छौं भनेर आश्वासन दिए तर भएन । चरम दुखकै बेला ससुरा टंक विलासको पनि निधन भयो । बिजुलाई धेरै निजी कम्पनीहरूबाट जागिरको अवसर आयो तर स्वाभिमानकै कारण बिजुले अरु ठाउँमा जागिर खान रुचि देखाउनु भएन । तत्कालीन सभामुख दमननाथ ढुंगानाले पनि संसद सचिवालयमा टिप्पणी उठाएर आफनो श्रीमानको अवकाश कागज दराजमा थन्काएको उहाँको दाबी छ । केही समयपछि बिजु (श्रीमान्) लाई हृदयघात भयो । बहुदलले श्रीमान् मारेको आरोप लगाउनुहुन्छ उहाँ । 'म पनि परिवर्तन स्वीकार गर्छु । तर मेरो तेरोको गुट पक्षधरताले मेरो श्रीमान्लाई मारेकै हो ।' श्रीमान्को मृत्युपछि

घर चलाउने सम्पूर्ण जिम्मा बेटीको काँधमा थियो । अर्को दुःख र जिम्मेवारी थपियो । विभिन्न ठाउँमा काम खोज्दै जाँदा भारतीय राजदुतावासमा पनि कत्थक नृत्य सिकाउन थाल्नुभयो । उहाँको नृत्यकलादेखि प्रभावित भएर दुतावासका कर्मचारीहरूले आफ्ना छोराछोरीलाई नियमित कत्थक नृत्य सिकाउनका लागि थप काम (जागिर) दिए । पछि दुतावासभित्रको केन्द्रिय विद्यालय (दुतावासको कर्मचारीहरूको छोराछोरी पढाउने विद्यालय) मा नृत्य शिक्षकको रुपमा पदस्थापन गरिदिए । त्यसले घर धान्न धेरै सहयोग पुग्यो ।

## गरगहना त्याग

जागिर पाए पनि तत्कालै आर्थिक अवस्था सुध्रिने कुरा भएन । लगाउने राम्रो कपडा र गरगहना नभएकै कारण आफन्तहरूले भोजमा बोलाउन छोडे । त्यसपछि झन् उहाँले गरगहना नै नलगाउने निर्णय गर्नुभयो । त्यससँगै विदेशी कपडा पनि लगाउन छोड्नुभयो । बिहानदेखि साँझसम्म काममा व्यस्त हुँदा कतिपयले नकारात्मक दृष्टिकोणले कुरा काट्थे । धेरै तनाव झेल्नु पर्‍यो तर रोएर बस्नु भएन बेटी । उहाँ भन्नुहुन्छ, "आँशु देखाउनुभन्दा लुकाउनु ठिक रहेछ । आँशु लुकाएर पनि हाँस्यो भने सबै नजिक आउने रहेछन् । म त्यही गर्न थालें ।"

आफ्नो नृत्य कला सिकाउने र प्रचार गर्ने उद्देश्यले इन्स्टिच्युट पनि खोल्नुभयो । तर राम्रो नचलेर बन्द गर्नुपर्‍यो । पदमकन्या बहुमुखी क्याम्पसमा पनि बढुवा भएन । बढुवा हुन नृत्यमा स्नातकोत्तर उत्तीर्ण हुनुपर्ने रहेछ । त्यो थाहा पाएपछि भारत (पहिलेकै युनिभर्सिटी) मा नृत्य विषयमै स्नातकोत्तर तह अध्ययनका लागि जानुभयो । स्नातक गरेको १० वर्षपछि स्नातकोत्तर तह अध्ययन गर्न थालेर उत्तीर्ण हुनुभयो ।  त्यसपछि थाहा भयो, त्यो विश्वविद्यालयबाट 'कत्थक शास्त्रीय नृत्य' विषयमा स्नात्तकोत्तर गर्ने पहिलो नेपाली बेटी नै हुनुहुँदो रहेछ । स्नातकोत्तर तहको डिग्रीपछि जागिरमा बढुवा भएर सहप्राध्यापकसम्म हुनुभयो । पदमकन्या क्याम्पस नृत्य विषयमा स्नातकोत्तर तहसम्म अध्ययन/अध्यापन हुने एक मात्र क्याम्पस पनि हो । यो विषय अध्ययन/अध्यापनमा सरकारले चासो नदिएकोमा उहाँको गुनासो पनि छ ।

## पहिलो महिला प्राज्ञ

बेटी नेपाल प्रज्ञा प्रतिष्ठानको नृत्य विभागमा वि.स.२०६१ सालमा प्राज्ञ हुनुभयो । उहाँका अनुसार बेटी यो विभागमा प्राज्ञ हुने पहिलो महिला हो । विविध

क्षेत्रको अलावा उहाँले पत्रपत्रिका सम्पादन पनि गर्नुभयो । गुलाफ साहित्यिक गोजी पत्रिकाको सहसम्पादक र लुम्बिनी मासिक पत्रिकाको सम्पादक पनि हो उहाँ । ७० वर्षको उमेर भए पनि उहाँ सक्रिय हनुहुन्छ । उहाँ हिजो आज पनि पद्मकन्या क्याम्पसमा सम्झौता गरेर नृत्य विषय अध्यापनरत हुनुहुन्छ । त्यसका साथै आत्मकथा र कविता संग्रह लेखनमा व्यस्त हुनुहुन्छ । जीवनमा कहिल्यै गुनासो नगर्ने बेटी भन्नुहुन्छ, "म भन्दा धेरै दुख पाउने महिलाहरू पनि छन् । मैले जति भोग्नु थियो भोगेँ ।" श्रीमान्ले पनि त्यो समयको समाज अनुसार आफूलाई परिवर्तन गर्न चाहेको हो । नृत्यबाहेक हर कुरामा श्रीमान्को साथ, सहयोग र हौसला थियो । पढ्न सँधै हौसला बढाएकै कारण पढ्ने र पढाउने सपना पुरा भएकोमा उहाँ खुशी हुनुहुन्छ ।

उनका दुई छोरा मध्य जेठो छोरा आयुष डाक्टर छन् भने कान्छा छोरा शिरीष इन्जिनियर छन् । जीवनमा अनेक दुख गरेर कमाएको खुशी दुई सन्तानको उपलब्धि हो । दुवै छोराले छात्रवृत्तिमा पढे । जेठोले चीनमा र कान्छोले नेपालमै । तर कामको सिलसिलामा दुवै छोरा विदेश बस्छन् । उहाँ भन्नुहुन्छ "दुख:का बाबजूद पनि दुवै छोरालाई असल व्यक्ति हुने गरी पढाएको छु । अहिले उतै बोलाउँछन् ।" तर मातृभूमिको माया र अझै केही गर्नुपर्छ भन्ने सोचले उहाँ विदेश जानुभएको छैन ।

## सामाजिक काम र पुरस्कार/सम्मान

बेटी बज्राचार्यले अहिले उहाँको 'चर्या' नृत्यका गुरु पण्डित वैद्य आशाकाजी बज्राचार्यको नाममा एकलाख १०१ रुपैयाँको 'पृथ्वी ब्रस पण्डित बैद्य आशाकाजी बज्राचार्य अक्षयकोष' भनेर 'नृत्य निर्देशक संघ' मा स्थापना गर्नुभएको छ । यो कोष चर्या नृत्य प्रोत्साहनको लागि भएको बेटी बताउनुहुन्छ । त्यस्तै नृत्य कलाकारितामा लागेका अपांगता भएका कलाकारलाई प्रोत्साहन गर्न ५० हजार रुपैयाँको अर्को अक्षयकोष स्थापना, 'पृथ्वी ब्रस बिजुबेटी सम्मान' पुरस्कार भनेर नृत्य क्षेत्रका कलाकारलाई प्रोत्साहन गर्नको लागि एकलाख एकहजार एक रुपैयाँको कोष स्थापना उहाँकै पहलमा भएको छ । श्रीमान्को नाममा एक जना निजामती कर्मचारीलाई नौ लाख रुपैयाँको पुरस्कार दिने लक्ष्य छ । प्रजातन्त्र सेनानी ससुरा टंक विलास बज्राचार्य र सासु चम्पादेवी बज्राचार्यको नाममा सरकारले दिएको तीन बिगा जग्गा छ, त्यसमा संग्रहालय स्थापना गर्ने

योजना छ। स्वयम्भुमा रहेको आफ्नो जग्गा मुटु सम्बन्धी उपचार हुने अस्पताल निर्माणको लागि दिने सोच भएको बताउने उहाँले आफ्नो शरीर पनि दान गरिसक्नु भएको छ। आफ्नो जीवन त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूसँगै बितेकाले मृत्युपछिको शरीर पनि मेडिकल विषय अध्ययनरत विद्यार्थीहरूका लागि उपयोग होस् भनेर शिक्षण अस्पताललाई दान गरेको बताउनुहुन्छ।

यति लामो संघर्ष र योगदानकै कारण उहाँले दर्जनौं पुरस्कार तथा सम्मान पाउनु भएको छ। सव.स.२०४६ सालमा गोरखा दक्षिणबाहु चौथो, त्रिविवि दीर्घ सेवा पदकलगायत दुई दर्जनभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार र सम्मान पाउनु भएको छ। हाल नेपाली शास्त्रीय नृत्य अन्तर्गत बज्राचार्य समुदायको तान्त्रिक नृत्य 'चरिया नृत्य' एवं लोक नृत्यहरूको अनुसन्धान गरिरहनु भएकी बेटीको 'नपोखिएका व्यथाहरु' कविता संग्रह प्रकाशित भएको छ भने नृत्यसम्बन्धी लेख रचनाहरू पनि लेख्ने गर्नुहुन्छ। नृत्यकै सिलसिलामा दर्जनौं देशमा पनि पुग्नु भएकी बेटी महिला लेखक तथा कलाकारहरूको अन्तर्राष्ट्रिय संस्थाहरुमा पनि आवद्ध हुनुहुन्छ।

नृत्य क्षेत्रमा सानैदेखि मरिमेटेर लाग्नु भएकी उहाँले नृत्यका पनि विभिन्न विधामा काम गरिरहनु भएकै छ। पञ्चायतकालमै उहाँको व्यक्तिगत पहलमा बुटवलमै 'नृत्य विधामा फोटो प्रदर्शनी' गर्नुभयो। नृत्यको महत्व र यसबारेमा जनजागरण ल्याउने उद्देश्यले गरिएको प्रदर्शनीमा नेपाल, भारतसहित अरु देशका कलाकारहरूले नाचेको फोटाहरूको प्रर्दशनी गर्नुभएको उहाँको ऐतिहासिक काम हो। कलाको अरु विभिन्न पाटोमा प्रदर्शनी भए पनि नृत्य विधाको प्रदर्शनी भएको पाईंदैन। त्यसैले अब फेरि चाँडै नै 'बृहद् नृत्यकलाको साँस्कृतिक कार्यक्रम' गर्ने योजनाका साथ तयारी गरिरहनु भएको छ।

नेपाली हुनुमा ठूलो गर्व गर्ने उहाँ स्वदेशमा उत्पादन हुने सामान पाएसम्म विदेशी उत्पादनहरूको प्रयोग गर्नुहुँदैन। एउटा जुत्ता फाटेर लगाउनै नहुने नभएसम्म अर्को फेर्ने बानी नभएको उहाँ सुनाउनहुन्छ। हँसिलो स्वभावकी बेटीले हाँस्दै भन्नुभयो, "जीवनमा गर्नुपरेको संघर्षले नै मलाई कडा बनाएको छ।" बेटी भन्नुहुन्छ, "जिन्दगीको कुनै पनि मोडमा हार नमानी अगाडि बढ्यो भने अवश्य सफल भइन्छ।" ●